# एभरेष्ट बैंक लिमिटेडको २९ औं बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट):

**१. सभाको काम कारवाही:**

मिति २०८० साल आश्विन ७ गते बसेको एभरेष्ट बैंक लिमिटेडको संचालक समितिको ३५८ औं बैठकले निर्णय गरे अनुसार २९ औं बार्षिक साधारण सभा गर्न निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल गरी निर्णय गर्न संचालक समितिका सदस्य डा. बाल गोपाल बैद्य ज्यूको सभापतित्वमा सम्पन्न भएको यस साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) देहाय बमोजिम छ ।

**२. सभाको मिति, समय र स्थान:**

मिति: २०८० साल आश्विन ३० गते मंगलबार तदनुसार १७ अक्टोबर, २०२३
समय: बिहान ११:०० बजे
स्थान: लैनचौर ब्यांक्वेट, लैनचौर काठमाडौं ।

**३. सभाको सूचना र सूचना प्रकाशन मिति:**

कम्पनी ऐन, २०६३ को ६७(२) बमोजिम २९ औं बार्षिक साधारण सभा गर्नका लागि सभा हुने मिति, स्थान र छलफल गर्ने बिषय समेत खोली २०८० साल आश्विन ८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा २०८० साल आश्विन ९ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

**४. सभामा उपस्थिति:**

**४.१ संचालक समिति / प्रमुख कार्यकारी अधिकृत:**

| | |
|---|---|
| १) डा. बाल गोपाल बैद्य | - संचालक |
| २) श्री किरण कृष्ण श्रेष्ठ | - संचालक |
| ३) श्री नविन भक्त श्रेष्ठ | - संचालक |
| ४) श्रीमती उर्मिला श्रेष्ठ | - संचालक |
| ५) डा. तारक बहादुर के.सी | - संचालक |
| ६) श्री सुदेश खालिङ | - प्रमुख कार्यकारी अधिकृत |

**४.२ पर्यवेक्षक / पदाधिकारी:**

| | |
|---|---|
| १) श्री घनश्याम न्यौपाने | - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २) श्री शम्भु थापा | - बरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार |
| ३) श्री मनिष अमात्य | - लेखापरीक्षक |
| ४) श्री विजय कुमार शर्मा | - नायब प्रमुख कार्यकारी अधिकृत |
| ५) श्री गौरव कुमार | - नायब महाप्रबन्धक |

EVEREST BANK LTD. Head Office Kathmandu

६) श्री केशव राज पौडेल - नायब महाप्रबन्धक
७) श्री आशुतोष शर्मा - नायब महाप्रबन्धक
८) श्री सुरेश चापागाईं - कम्पनी सचिव

४.३ शेयरधनीहरुको उपस्थिति (स्वयं तथा प्रोक्सी वा प्रतिनिधि मार्फत) : १११४ जना ।

५. **सभाको गणपूरक संख्या:**

| कुल शेयर संख्या | शेयरधनी संख्या | उपस्थित संख्या | स्वयं | प्रतिनिधि / प्रोक्सी मार्फत | उपस्थिति (शेयर) प्रतिनिधित्व | शेयरको प्रतिनिधित्व (%) |
|---|---|---|---|---|---|---|
| १०६,९८०,९४४.३६ | ६३,९५२ | १११४ | ११०० | १४ | ७३,१९०,०२२ | ६८.४१% |

६. **सभाको वैधानिकता:**

कुनै पनि साधारण सभा सम्पन्न हुनु भन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले सो साधारण सभाको वैधानिकता यकिन गर्न पर्ने हुँदा कम्पनी सचिवले निम्न अनुसार शेयरधनीहरुलाई अवगत गराउनु भयो ।

(क) कम्पनी ऐन, २०६३ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा भएका प्रावधानहरु बमोजिम रीतपूर्वकको सूचना जारी तथा प्रकाशित गरि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नै यो साधारण सभा बोलाईएको थियो । बार्षिक साधारण सभाको सूचना २०८० साल आश्विन ८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा २०८० साल आश्विन ९ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ६९ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा गरिएका व्यवस्थाहरु बमोजिम यो साधारण सभाको लागि माथि बुँदा नं ५ मा उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य भएको बैंकका कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

उपरोक्त अनुसारको जानकारी उपर शेयरधनी महानुभावहरुबाट रीतपूर्वक भएको भनी संतोष व्यक्त गरियो र यस साधारण सभा सम्वन्धि कारवाही आगाडि बढाउन अनुरोध गरियो ।

७. **सभाको सभापतित्व र सभा संचालन:**

कम्पनी सचिव श्री सुरेश चापागाईंले बैंकका उपस्थित संचालकहरुको परिचय गराउदै बैंकको प्रबन्धपत्र/नियमावली अनुसार साधारण सभाको सभापतित्व बैंकको संचालक समिति अध्यक्षले गर्नुपर्ने भएता पनि अध्यक्ष ज्यूको स्वास्थ्य स्तिथिको कारणले अनुपस्थित हुनु भएकोमा संचालक समितिले

EVEREST BANK LTD. Head Office Kathmandu

मनोनित गरेका संचालक डा. बाल गोपाल बैद्यले यस सभाको सभापतित्व गर्नु हुने व्यहोरा सभामा जानकरी गराउनु भयो ।

तत्पश्चात, सभापति ज्यूको अनुमतिले सभालाई आगाडी बढाउने क्रममा बैंकका कम्पनी सचिव श्री सुरेश चापागाईले सभाको निर्धारित बिषयसूची तथा प्रस्तावहरु पढेर सुनाउनु भयो ।

८. <u>सभाको बिषयसूची र प्रस्तावहरु:</u>

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८० साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व २०७९/८० को नाफा नोक्सान तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. मिति २०८०/०५/२७ मा बसेको संचालक समितिको ३५७ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) १०% का दरले बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव

(ख) १०.५३% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने

४. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धि बिशेष प्रस्ताब पारित गर्ने,

(क) बैंकले प्रस्तावित बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्न ।

(ख) संचालक समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने भत्ता बृद्धि गर्ने भएकोले सोही बमोजिम संशोधन गर्न ।

५. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा नियुक्त भएका संचालकको नियुक्ती अनुमोदन गर्ने ।

६. आ.व २०८०/८१ को लागि लेखापरीकक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

७. विविध

९. <u>संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन:</u>

निर्धारित विषय सूची १ मा उल्लेख भए बमोजिमको संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा वार्षिक प्रतिवेदन शेयरधनीहरुलाई प्राप्त भईसकेको कारणले अनावश्यक पुनरावृत्ति नहोस भन्ने उद्धेश्य एवं समयको बचतका लागी सभापति ज्यूले सभालाई निम्न बमोजिम जानकारी गराउनु भयो ।

▲ एभरेष्ट बैंक लिमिटेडको यो २९ औं बार्षिक साधारण सभामा हामो बैंक अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यू आफ्नो अध्यक्षतामा हुने साधारण सभामा स्वयं उपस्थित हुने इच्छा हुँदा हुँदै पनि स्वास्थ्यका कारण सम्भव हुने सकेन । हामी सबै वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गरौं ।

EVEREST BANK LTD. Head Office Kathmandu



CamScanner

- ▲ सुझबुझ पूर्ण नेतृत्व र बैंकका कर्मचारीहरुको अथक प्रयासले बैंक अहिले प्रत्येक बर्ष राम्रो प्रतिफल दिने बैंक र खराब कर्जाको प्रतिशत सबै भन्दा कम हुने बैंक बन्न सफल भएको छ | COVID-19 ले सारा बिश्व र हाम्रो देशको अर्थ व्यवस्था नै आक्रान्त भएको स्थितिमा पनि बैंकले सम्मानजनक प्रतिफल दिन सफल रहयो |

- ▲ बैंकिङ् क्षेत्रले झन् झन् कसिलो र साँघुरो नियामकिय वातारणमा काम गर्नु पर्दै गइ रहेको स्थिति छ | यो अझै कसिलो भएर जाने अपेक्षा गर्न सकिन्छ तसर्थ हाम्रो बैंक सहित नेपालको सम्पूर्ण बैंकिङ् क्षेत्रले अझ थप चुनौतीहरु बेहोर्नु पर्ने स्थिति आउँदैछ | यस्तो स्थितिमा अहिलेको प्रतिफल दरलाई कायम राखी राख्न ज्यादै चुनौतीपूर्ण हुनेछ |

- ▲ बैंकले बैंकिङ् सेवाबाट प्राप्त हुने अन्य आय श्रोतहरुलाई बढाउने तर्फ जोड दिदै आएको छ | केहि हद सम्म हामी सफल पनि भएको छौं | विप्रेषण सेवा र हाम्रो लागनीहरुबाट हुने आयमा गएका बर्षहरुको तुलनामा गत बर्ष उल्लेख्य वृद्धि भएको छ | यी र यस्तै प्रकारका अरु प्रयासहरु पनि जारी रहने छन् |

सभापति ज्यूको मन्तब्य पश्चात बैंकका प्रमुख कार्यकारी श्री सुदेश खालिङ ज्यूले बैंकले आ.व २०७९/८० मा बैंकको निक्षेप र कर्जा लगानी साथै बैंकले गरेका अन्य बैंकिङ् क्रियाकलापहरुको संक्षिप्त जानकारी गराउनु भयो |

**१०. <u>छलफलका लागि आह्वान</u>:**

तत्पश्चात सभापति ज्यूको आज्ञा अनुसार कम्पनी सचिव श्री सुरेश चापागाईंले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए आफ्नो विचार मन्तब्य प्रकट गरी दिनु हुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसावमा छलफल गर्न आह्वान गर्नु भयो |

आफ्नो मन्तव्यको क्रममा सम्पूर्ण वक्ता शेयरधनी महानुभावहरुले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र साधारण सभा सम्पन्न गरेकोमा बैंक व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै शेयरधनीरुलाई १०% वोनस शेयर जारी गर्ने तथा १०.५३% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने सिफारिश गरेकोमा सो प्रस्ताव स्वागत गर्नु भयो |

साथै सम्पूर्ण वक्ता शेयरधनी महानुभावहरुले २०८० सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत ११४४ तथा छठ पर्वको उपलक्ष्यमा बैंकको संचालक समिति, पदाधिकारी तथा कर्मचारी र सम्पूर्ण शेयरधनि महानुभावहरुलाई सुख, शान्ति समृद्धि, सु-स्वास्थ्य र दिर्घायुको लागि हार्दिक मंगलमय शुभकामना दिनु भयो |

EVEREST BANK LTD. Head Office Kathmandu



CamScanner

शेयरधनी महानुभावहरुले बैंकले हासिल गरेको सफलता र उचाईलाई कायम राख्दै शेयरधनीहरुलाई प्रदान गर्दै आएको बोनस शेयर तथा नगद लाभांशको प्रतिशत भबिष्यमा पनि नघटोस भन्ने आकांक्षा ब्यक्त गर्नु भयो |

साथै सम्पूर्ण वक्ता शेयरधनी महानुभावहरुले बैंकका संचालक समितिका अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यूको शिघ्र स्वास्थ्य लाभको कामना गर्नु भयो |

२९ औं बार्षिक साधारण सभामा निम्न बमोजिमका वक्ताहरुले आफ्नो राय, सल्लाह र सुझावहरु पेश गर्नु भएको थियो :

१. श्री ब्यास कुमार शर्मा
२. श्री भक्ति प्रसाद उप्रेती
३. श्री चन्द्र नारायण श्रेष्ठ
४. श्री ब्रह्मदेव शाक्य
५. श्री नरसिंह लाल चंखु
६. श्री रोज कुमार श्रेष्ठ
७. श्री इन्द्र कृष्ण श्रेष्ठ
८. श्री युगल बसेल
९. श्री सुदीप श्रेष्ठ
१०. श्री सुर्य बहादुर खड्का
११. श्री लवराज जोशी

**सभापति र प्रमुख कार्यकारी अधिकृतज्यूबाट प्रत्युत्तर:**

सभापति र प्रमुख कार्यकारी अधिकृत ज्यूले शेयरधनी महानुभावहरुले बैंकको बार्षिक प्रतिवेदन तथा हरहिसाब उपरको छलफलमा सक्रिय रुपमा प्रभावकारी तवरबाट धैर्य धारण गरी सहभागी हुनु भएकोमा धन्यवाद दिनु भयो र शेयधनी महानुभावहरुबाट व्यक्त मन्तब्य सुझाब तथा सल्लाह, जिज्ञासा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भब भएसम्म सल्लाह तथा सुझाबहरुलाई लागू गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो |

**११. सभाको निर्णयहरु:**

१. निर्धारित बिषय सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन अनुमोदनका लागि पेश हुँदा सर्वसम्मतिबाट अनुमोदन गरियो |

२. निर्धारित बिषय सूची नं. २ अनुसार लेखापरीकक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८० साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त २०७९/८० को नाफा नोक्सान

EVEREST BANK LTD. Head Office Kathmandu



CamScanner

हिसाव तथा सोही अवधि नगद प्रवाह बिबरण छलफल गरी पारित गर्ने प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. निर्धारित बिषय सूची नं. ३ अनुसार मिति २०८०/०५/२७ मा बसेको संचालक समितिको ३५७ औं बैठकले, शेयरधनीहरुलाई हालको चुक्ता पूँजीको १०% का दरले हुने रु. १,०६९,८०९,४४४/- बराबरको बोनस शेयर र १०.५३% का दरले हुने रु. १,१२६,५०९,३४४/- बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरि पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४. निर्धारित बिषय सूची नं. ४ अनुसार प्रबन्धपत्रको दफा ५(ख), ५(ग) र नियमावलीको नियम २८(१)(ख) मा देहाय बमोजिमको संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| ५(ख)<br>बैंकको तत्काल जारी पूँजी रू. १०,६९८,०९४,४३६/- (अक्षरेपी: दश अर्ब उनान्सत्तरी करोड असी लाख चौरानब्बे हजार चार सय छत्तीस रूपैया) हुने छ । | ५(ख)<br>बैंकको तत्काल जारी पूँजी रू. ११,७६७,९०३,८८०/- (अक्षरेपी: एघार अर्ब छयत्तर करोड उनान्नअसी लाख तीन हजार आठ सय असी रूपैया) हुने छ । |
| ५(ग)<br>बैंकको तत्काल चुक्ता पूँजी रू. १०,६९८,०९४,४३६/- (अक्षरेपी: दश अर्ब उनान्सत्तरी करोड असी लाख चौरानब्बे हजार चार सय छत्तीस रूपैया) हुने छ । | ५(ग)<br>बैंकको तत्काल चुक्ता पूँजी रू. ११,७६७,९०३,८८०/- (अक्षरेपी: एघार अर्ब छयत्तर करोड उनान्नअसी लाख तीन हजार आठ सय असी रूपैया) हुने छ । |

**बैंकको नियमावलीको नियम २८(१)(ख) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| २८(१)(ख)<br>संचालक समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता रु. १५,०००/- हुने छ । | २८(१)(ख)<br>संचालक समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता रु. २०,०००/- हुने छ । |

५. निर्धारित बिषय सूची नं. ५ अनुसार मिति २०८०/०१/०८ को संचालक समितिको ३५० औं र मिति २०८०/०३/०५ को ३५४ औं बैठकले क्रमशः संस्थापक शेयरधनी तर्फबाट श्री किरण कृष्ण श्रेष्ठ र संस्थापक शेयरधनी होटेल स्नोलायन प्रा. लि को तर्फबाट डा. बाल गोपाल बैद्यलाई संचालक समितिमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १५ बमोजिम ४ बर्षका लागि

EVEREST BANK LTD. Head Office Kathmandu

नियुक्त र पुनः नियुक्त गर्ने गरेको निर्णय र मिति २०८०/०१/०८ को ३५३ औं बैठकले श्री बिष्णु कृष्ण श्रेष्ठलाई अध्यक्षमा नियुक्त गरेको निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरि पारित भयो ।

६. निर्धारित बिषय सूची नं. ६ अनुसार आ.ब २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सम्बन्धमा बैंकको लेखापरीक्षण समितिले तीन जना लेखापरीक्षक क्रमस: (१) J.B Rajbhandary & D Bins, (२) G.P Rajbahak & Company र (३) N. Amatya & Company को नाम साधारण सभामा नियुक्ति लागि सिफारिश गरे बमोजिम उक्त फर्महरुको बैंकिङ्ग अनुभव, लेखापरीक्षणको निम्ति शुल्क, कार्य कुसलता तथा फर्मका दक्ष कर्मचारी संख्या लगायतका मापदण्डहरुलाई मध्यनजर गरि बैंकको लेखापरीकक्षक नियुक्ति सम्बन्धी नीतिले तोके बमोजिम प्राप्त अंकका अधारमा **N. Amatya & Company, Chartered Accountants** लाई लेखापरीक्षकमा नियुक्त गर्ने र पारिश्रमिकको हकमा जम्मा रु. ३०,००,०००/- (अक्षरेपी तीस लाख रुपैयाँ ) र सो मा लाग्ने कर समेत प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**१२. धन्यवाद ज्ञापन:**

सभापति ज्यूले अपेक्षा गरिए भन्दा धेरै संख्यामा शेयरधनी महानुभावहरु अत्याधिक जोश, जाँगर, उत्साह र उमंगका साथ साधरण सभामा भाग लिई साधरण सभामा सक्रिय रुपमा छलफलमा संलग्न भई सफलता पुर्वक सुसम्पन्न गर्नु भएकोमा शेयरधनी महानुभावहरुका साथै सम्बन्धित सबैलाई धन्यवाद दिनु भयो ।

**१३. सभा विसर्जन:**

अन्तमा सभाका लागि प्रस्तुत सम्पूर्ण बिषय सूची उपर छलफल तथा निर्णय भएकोले उपस्थित शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिनु हुँदै सभापति ज्यूले अपरान्ह १२: ५३ बजे सभा विसर्जन गर्नु भयो ।

EVEREST BANK LTD. Head Office Kathmandu

**सुरेश चापागाईं**
**कम्पनी सचिव**

**डा. बाल गोपाल बैद्य**
**सभापति**

मिति: २०८०/०७/०२



CamScanner